फोन : ५५
५५
इमेल : csiolalitpur@gma

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर

पाटन औद्योगिक क्षेत्र, ललितपुर

प.सं. २०८२/०८३
च.नं.

मिति:२०८२/०५/१६

प्रमुख उद्योग अधिकृत

## कार्यालयमा क्यान्टिन सेवा संचालन सम्बन्धी सूचना

यस कार्यालयको कार्यालय परिसरभित्र रहेको भवनमा क्यान्टिन (खाजाघर) सेवा संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक नेपाली नागरिक वा आधिकारीक दर्तावाला फर्महरुले अद्यावधिक कागजातहरु सहित यही मिति २०८२।०५।३१ गतेभित्र संलग्न शर्तहरुको अधिनमा रही उपलब्ध गराउनुपर्ने सेवाहरुको विवरणहरुको दररेट र कागजातहरु गोप्य सिलबन्धी खाम सहित पेश गर्नुहुन सूचित गरिन्छ । उपलब्ध गराउनुपर्ने सेवा र शर्तहरुको विवरण यस कार्यालयको राजस्व खातामा रु १००० एकहजार को राजस्व रकम जम्मा गरी स्टोर शाखाबाट उपलब्ध हुनेछ । यस सम्बन्धमा थप जानकारीको लागि स्टोरशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

शर्तहरु

- प्रस्ताव फाराम सूचना प्रकाशित मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी गरी पेश गरिसक्नुपर्नेछ । यसरी सिलबन्दी गरी रीतपूर्वक प्राप्त भएको प्रस्तावहरु सोही दिनको २:०० बजे प्रस्तावदाता वा निजहरुको प्रतिनिधि र कार्यालयका प्रतिनिधिका रोहवरका बीच खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव फारम खोल्न कुनै बाधा पर्नेछैन ।
- प्रस्ताव फारमको बाहिरपट्टी प्रस्तावदाताको नाम, ठेगाना, सम्पर्क नम्बर, विषय स्पष्टसँग उल्लेख गरी बुझाउनु पर्नेछ ।
- प्रस्तावदाताले प्रस्ताव फारम साथ संलग्न खाना तथा खाजाको परिकारहरुको दररेट उल्लेख गर्नुपर्नेछ । साथै कार्यालयबाट उपलब्ध दररेट भन्दा न्यूनतम वा अधिकतम के कति दररेटमा उपलब्ध गराउन सकिने हो? सो को दर अंक र अक्षर दुवै स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । साथै सम्भव भएसम्म खाजाको गुणस्तर तथा परिमाण समेत खुलाउनुपर्नेछ ।
- कार्यालय परिसरभित्र सुर्तिजन्य तथा मदिराजन्य वस्तुहरुको बेचबिखन गर्न पाइनेछैन।
- कार्यालयले तोकेको समय अवधिभित्र मात्र क्यान्टिन संचालन गर्नुपर्नेछ ।

फोन : ५५२३४
५५२१५
इमेल : csiolalitpur@gmail.co

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर

पाटन औद्योगिक क्षेत्र, ललितपुर

प.सं. २०८२/०८३
च.नं.

- क्यान्टिन संचालन गर्दा खपतको आधारमा बिधुत, पानीको महसुल क्यान्टिन संचालकले कार्यालयमा बुझाउनुपर्नेछ ।
- क्यान्टिन संचालनको लागि आवश्यकपर्ने पानीको प्रबन्ध क्यान्टिन संचालकले आफैं गर्नुपर्नेछ
- क्यान्टिन कक्षको आकार प्रकार लगायत स्थायी संरचनामा हानी नोक्शानी नपर्ने गरी कार्यालयको सहमतिमा आवश्यक फर्निचर एवम् फर्निसिङ्गको व्यवस्था क्यान्टिन संचालक स्वयंले गर्नुपर्नेछ ।
- क्यान्टिन र क्यान्टिनमा उपलब्ध सेवाको पूर्ण सरसफाइ शुद्धता र गुणस्तरीयता कायम राख्नु क्यान्टिन संचालकको दायित्व हुनेछ ।
- प्रस्ताव पेश गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अद्यावधिक व्यवसाय दर्ता प्रमाणपत्र (व्यवसाय दर्ता भएमा मात्र) तथा स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।